पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ११८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख २८ गते आइतबार ❑ 11 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## 'भारत र पाकिस्तान सैन्य कारबाही रोक्न सहमत'

**रासस**
काठमाडौं, २७ बैशाख

भारत र पाकिस्तान सैन्य कारबाही रोक्न सहमत भएका छन् ।

दुबै देशका विदेश मन्त्रीले युद्धविरामका लागि सहमति भएको पुष्टि गरेका छन् । भारतीय विदेश सचिव विक्रम मिश्रीले पाकिस्तानका सैन्य अपरेसन महानिर्देशकले यसअघि भारतीय समकक्षीसँग सम्पर्क गरेको र दुवै पक्षले स्थल, समुद्र र हवाई क्षेत्रमा भारतीय समयअनुसार साँझ ५:०० बजेदेखि लागू हुने गरी सबै सैन्य कारबाही रोक्न सहमत भएको पुष्टि गरेका छन् ।

मिश्रीका अनुसार युद्धविराम लागू गर्न निर्देशन जारी गरिएको छ र मे १२ को मध्याह्नमा डाइरेक्टर जनरल अफ मिलिटरी अपरेसन (डीजीएमओ) स्तरीय अर्को चरणको वार्ता हुनेछ ।

विदेशमन्त्री मिश्रीले भन्नुभयो, "पाकिस्तानको डाइरेक्टर जनरल अफ मिलिटरी अपरेसन (डीजीएमओ) र भारतीय डीजीएमओबीच आज अपराह्न फोनवार्ता भएको र उनीहरुबीच भारतीय समय अनुसार साँझ पाँच बजेदेखि जमिन, आकाश र समुद्रमा सबै प्रकारका गोलाबारी र सैन्य कारबाही रोक्ने सहमति भएको छ ।" उहाँले भन्नुभयो, "दुवै पक्षलाई आजैदेखि यो समझदारीलाई प्रभावकारी बनाउन निर्देशन दिइएको छ। सैन्य अपरेसनका महानिर्देशकहरूबीच मे १२ मध्यान्न १२:०० बजे फेरि कुरा गर्नेछन् ।" यसअघि शनिबार एक प्रेस ब्रिफिङका क्रममा मिश्रीले पाकिस्तानले भारतविरुद्ध गरिरहेको कारबाहीलाई 'उत्तेजक' प्रकृतिको रूपमा हेरिएको बताउनुभएको थियो। पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक डारले पनि युद्धविरामको पुष्टि गर्दै भन्नुभयो, "पाकिस्तान र भारत तत्काल लागू हुनेगरी युद्धविराम गर्न सहमत भएका छन् ।" उहाँले भन्नुभयो, "पाकिस्तानले आफ्नो सार्वभौमिकता र क्षेत्रीय अखण्डतामा कुनै सम्झौता नगरी यस क्षेत्रमा शान्ति र सुरक्षाका लागि सधैं प्रयास गर्दै आएको छ।" यसअघि अमेरिकी विदेशमन्त्री मार्को रुबियोले दुवै देश तटस्थ स्थलमा व्यापक विषयमा वार्ता सुरु गर्न सहमत भएको बताउनुभएको थियो।

अमेरिकी विदेशमन्त्री रूबियोले भन्नुभयो, "बितेका ४८ घण्टामा उपराष्ट्रपति भान्स र मैले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफ, भारतका विदेशमन्त्री सुब्रमण्यम जयशङ्कर, सेनाप्रमुख असिम मुनीर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोभाल र असिम मलिकलगायत भारत र पाकिस्तानका वरिष्ठ अधिकारीसँग कुराकानी गरेका छौं।" उहाँले अगाडि भन्नुभयो, "भारत र पाकिस्तानका सरकारहरू तत्काल युद्धविराम गर्न र तटस्थ स्थलमा व्यापक मुद्दाहरूमा वार्ता सुरु गर्न सहमत भएको घोषणा गर्न पाउँदा मलाई खुशी लागेको छ। हामी प्रधानमन्त्री मोदी र सरिफलाई शान्तिको बाटो रोज्ने बुद्धिमत्ता, विवेक र राजनेताको प्रशंसा गर्दछौं।" यसअघि गत मे २ मा पहलगाममा भएको आतङ्ककारी हमलाको जवाफमा भारतले मे ७ मा अप्रेसन सिन्दूर चलाएको थियो । उक्त आक्रमणमा परी २६ जनाको मृत्यु भएको थियो भने पाकिस्तानले पनि जवाफी कारबाही चलाएको थियो जसका कारण भारतीय सर्वसाधारणसहित केही सुरक्षाकर्मीको हताहत भएको थियो।

## भ्रष्टाचार न्यूनीकरण सरकारको प्राथमिकतामा – मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले भ्रष्टाचार न्यूनीकरण सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ।

प्रजातान्त्रिक विचार समाज कास्कीको १० औं अधिवेशन तथा भ्रष्टाचार न्यूनीकरण र सुशासनका बारेमा आयोजित गोष्ठीलाई शनिबार पोखरामा उद्घाटन गर्दै उहाँले त्यस्तो कुरामा जोड दिनुभएको हो।

संस्थागत रुपमा मौलाएको भ्रष्टाचारलाई सुन्य सहनशीलतामा पुऱ्याउन कठिन भएपनि न्यूनीकरण गर्न सकिने बताउँदै उहाँले गण्डकी प्रदेश भित्र सुशासन र भ्रष्टाचार निरुत्साहित गर्न आफूले सक्रिय भूमिका खेल्दै आएको बताउनुभयो । समाजमा हुने विकृति हटाउन र नेपाली जनतालाई सुशासन दिन प्रदेश सरकार प्रयत्नशील रहेको बताउँदै उहाँले संगठित आवाजलाई वलियो बनाउन सकियो भने भ्रष्टाचार हट्दै जाने भनाइ उहाँको छ। प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्लेले देशमा आर्थिक र नैतिक रुपमा मौलाएको भ्रष्टाचारलाई न्यूनीकरण गर्नुपर्नेमा जोड दिनुभयो। लोकतन्त्रमा जनता नै प्रमुख भएकाले उनीहरुलाई केन्द्रमा राखेर सरकार अगाडि वढ्नुपर्नेमा जोड दिनुभयो।

संविधानविद् प्राडा विपीन अधिकारीले भ्रष्टाचार समाजमा सरल रुपमा उपस्थित भएकाले यसलाई न्यूनीकरण गर्न सरकारका प्रशासनिक निकायहरु चुस्तजुरुस्त हुनुपर्नेमा जोड दिनुभयो। नेपालको न्यायप्रणालीमा समेत ढिलासुस्ती हुँदा नेपाली जनतामा न्यायलयप्रति निरासा देखिने गरेको भनाइ उहाँको छ। नेपाली काँग्रेसका नेता सोभियत बहादुर अधिकारीले समाजमा सुशासन स्थापना गर्न सक्यौ भने मात्र दलहरुले जनताको मन जित्न सक्ने बताउनुभयो । नेपालीलाई समृद्ध बनाउन तर्फ सरकारका ध्यान दिन आवश्यक छ। कार्यक्रमका अवसरमा संस्थामा योगदन पुऱ्याएवापत उक्त संस्थाका केन्द्रीय उपाध्यक्ष वासुदेव भण्डारीलाई सम्मान गरिएको थियो । उक्त अधिवेशनले नयाँ नेतृत्व समेत चयन गर्ने बताइएको छ। उक्त कार्यक्रम समाजका कास्की अध्यक्ष वीरबहादुर कार्कीको अध्यक्षतामा भएको थियो।

## बुद्धको उपदेश आजको विश्व परिबेशमा झन उपयोगी : थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख



गण्डकी प्रदेशका युवा, खेलकुद तथा सामाजिक विकास मन्त्री बिन्दुकुमार थापाले अहिलेको विश्व परिबेशमा भगवान गौतम बुद्धको उपदेश झन उपयोगी हुने गरेको बताउनुभएको छ।

२५६९ औं बुद्ध जयन्तीको अवसरमा बैदाम तामाङ सेवा समाजले लेकसाइड खहरे स्थित पेमा धेछेन्लिङ गुम्वामा शनिबार आयोजना गरेको प्रवचन कार्यक्रम उदघाटन गर्दै थापाले छिमेकी मुलुक विच चर्केको द्धन्द, रुस युक्रेन विचको युद्धले मानब जगतलाई अशान्त तुल्याएकोमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले नेपालमा २५ सय ६९ बर्ष अघि जन्मिएर पनि आजको विश्व परिबेश सुहाँउदो उपदेश र ज्ञान दिएर भगवान गौतम बुद्धले मानब सभ्यतालाई गुन लगाएको बताउनुभयो । बुद्धले देखाएको मार्गमा चल्न सके विश्वमा शान्ती छाउने उहाँको जोड थियो । उहाँले पोखराको लेकसाइड नजिकै निर्माण भएको गुम्बा पर्यटकिय आकर्षणको केन्द्र बन्दै गरेको सन्दर्भमा प्रदेश सरकारले पनि गुम्बा निर्माणका लागि आर्थिक सहयोग गर्ने बताउनुभयो।

कार्यक्रममा खेम्पो आचार्य सम्तेन लामाले भगवान गौतम बुद्धको बुद्धत्व, परिनिर्वाण तथा उपदेशबारे प्रवचन दिनुभएको थियो। उहाँले मानिसको दुखको कारण तृष्णा भएको साथै तृष्णालाई जित्न सके दुखलाई जित्न सकिनेमा जोड दिनुभयो।

वैशाख शुक्लपक्षको पूर्णिमा तिथिमा महात्मा गौतम बुद्धको त्रि-संयोग अर्थात् जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाण समेत भएकाले यो तिथिलाई संसारका बौद्ध धर्मावलम्बीहरूले भगवान् बुद्धप्रति अत्यन्त श्रद्धा एवं भक्तिभाव व्यक्त गर्ने पावन दिवसका (बुद्ध जयन्ती) रूपमा मनाउने गरेको उहाँले स्मरण गर्नुभयो । पोखरामा आयोजित बुद्ध जयन्ती मुल समारोहकै साप्ताहिक कार्यक्रम अर्न्तगत भएको प्रबचन कार्यक्रममा बैदाम तामाङ सेवा समाजका अध्यक्ष ज्याक तामाङले सबैको सहयोगमा पेमा धेछेन्लिङ गुम्वाको निर्माण गरिएको र यो गुम्वा पनि पोखराको धार्मिक पर्यटकिय गन्तब्य बनेकोमा खुसी प्रकट गर्नुभयो । कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर ६ का अध्यक्ष दिपेन्द्र पहारी, पेमा धेछेलिङ गुम्बाको प्रमुख लामा, नेपाल तामाङ लामा घेदुङको संघिय अध्यक्ष गुरु पाल्देन लामा, सुनिता लामा, रोश्मा तामाङले बोलेका थिए । गुम्वामा बुद्ध जयन्तीको दिन पुजा तथा वाङ कार्यक्रम राखिएको पनि समाजका अध्यक्ष ज्याक तामाङले जानकारी दिनुभयो।

## गण्डकी प्रदेशस्तरीय गजल प्रतियोगिताको उपाधि गिरीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

तनहुँको शुक्लागण्डकी साहित्य सङ्गमले आज आयोजना गरेको गण्डकी प्रदेशस्तरीय गजल प्रतियोगिताको उपाधि कास्कीका निकेश गिरीले जित्नुभएको छ।

प्रतियोगितामा २९ प्रतिस्पर्धीलाई पछाडि पार्दै उहाँले उपाधि जित्नुभएको हो।

प्रतियोगितामा गोरखाका कृष्णबहादुर महत द्वितीय, कास्कीका मदन घिमिरे तृतीय हुनुभएको छ। विजयीलाई क्रमशः रु ११ हजार, रु सात हजार र रु पाँच हजार नगद पुरस्कार प्रदान गरिएको शुक्ला साहित्य सङ्गमका अध्यक्ष टुकादेवी आचार्यले जानकारी दिनुभयो । प्रतियोगितामा ३० जना गजलकारले 'अनलाइन' मार्फत सहभागिता जनाएका थिएभने उत्कृष्ट भएका दश जनालाई भौतिक उपस्थितिमा प्रतिस्पर्धा गराइएको थियो । प्रतियोगितामा गजलकार रुपिन्द्र प्रभावी, सरस्वती श्रेष्ठ र अनुराग अधिकारीले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो। विजयी भएकाहरूलाई शुक्लागण्डकी नगरपालिकाका उपप्रमुख खुमबहादुर विकले पुरस्कार वितरण गर्नुभयो।

## युवाको शारीरिक तथा सामाजिक विकासमा खेलकुद महत्वपूर्ण: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख




गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले युवाको शारीरिक तथा सामाजिक विकासमा खेलकुद महत्वपूर्ण रहेको बताउनुभएको छ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं. ६ मा आयोजित तेस्रो रनिङ शिल्ड प्रतियोगिता शुभारम्भ गर्दै प्रदेश प्रमुख भट्टले यस्ता प्रतियोगिताले दूरदराज गाउँहरूबाट खेलाडीहरू उत्पादन गर्न सहयोग पुग्ने बताउनुभयो । 'खेलकुदमा युवा सहभागिताले शारीरिकसँगै सामाजिक रूपमा सबल बनाउँदछ । सान्दर्भिक गतिविधिहरूमा संलग्न हुने सम्भावना बढ्छ ।' उहाँले भन्नुभयो -'युवाले खेललाई जीवनको माध्यम बनाउँछन्, यसले आत्मसम्मान बढाउँछ । सामाजिक सीपहरू विकास गर्न सक्छ र उपयुक्त नेतृत्व क्षमताको पनि विकास गराउँछ।' खेलकुदको सकारात्मक प्रभावले युवाहरूको शरीर र दिमाग दुवैको विकासमा योगदान पुऱ्याउने भएकाले यसको विकास र सम्वर्द्धन जरुरी रहेको प्रदेश प्रमुख भट्टले उल्लेख गर्नुभयो । 'खेलकुद क्षेत्रको विकासका लागि संघ, प्रदेश र स्थानीय गरी तीन तहबाट यसमा यथेष्ठ प्रयत्नहरु होउन् भनेर म सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउन चाहन्छु ।' उहाँले भन्नुभयो - 'खेल क्षेत्रको विकास राष्ट्र विकासको महत्वपूर्ण आधार हो। खेलको विकासबाट राष्ट्रको सर्वाङ्गीणको ढोका खोल्न सकिन्छ।'

खेल क्षेत्रमा लगानी वृद्धि गर्ने, खेलाडीहरूको आत्मस्वाभिमान, प्रोत्साहन, पुरस्कारका साथै वृत्तिविकासमा थप योगदान गर्ने, राज्यको भूमिकालाई थप प्रभावकारी र जिम्मेवार बनाउन सरकार प्रयत्नशील रहनुपर्ने उहाँको भनाई छ। भट्टले खेल शारीरिक तथा मानसिक स्वास्थ्यको आधार मात्र नभएर कुटनीति, अर्थतन्त्र एवं सहकार्य र एकताको स्तम्भसमेत हुन पुगेको बताउनुभयो।

प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'स्वस्थ शरीर नै एउटा मान्छेका लागि सुख र आनन्द हो। अनुशासित स्वस्थ शरीर र स्वस्थ मस्तिष्क भएको नागरिक उत्पादनमा खेलकुद सहयोगसिद्ध छ ।' माछापुच्छ्रे गाउँपालिका वडा नं. ६ का अध्यक्ष टेकनाथ गौतमको अध्यक्षतामा भएको उद्घाटन समारोहमा माछापुच्छ्रे गाउँपालिकाका प्रशासकीय अधिकृत केशव सुवेदीलगायतले बोल्नुभएको थियो। कार्यक्रमको सञ्चालन सन्देश अधिकारीले गर्नुभएको थियो।



# गोरखामा मनाइयो ६९ औं मनास्लु हिमाल आरोहण दिवस

पोखरापत्र संवाददाता
गोरखा, २७ बैशाख

गोरखामा ६९ औं मनास्लु हिमाल आरोहण दिवस मनाइएको छ । ट्रेकिङ एजेन्सीज् एशोसिएशन अफ नेपाल ९टान० गण्डकीको आयोजनामा गोरखामा ६९ औं मनास्लु हिमाल आरोहण दिवस मनाइएको हो ।

टान गण्डकीको आयोजनामा गोरखानगरपालिका–५पस्लाङगाउँ होमस्टेमा घरवास तथा ग्रामीण पर्यटन प्रवर्द्धन कार्यक्रम गर्दै ६९ औं मनास्लु हिमाल आरोहण दिवस मनाइएको हो । सन् १९५६ मे ९ तारिखका दिन जापानका पर्वतारोही तोसिओ इमानिसी र नेपालका पर्वतारोही ग्लाल्जेन नोर्बु शेर्पाले पहिलो पटक मनास्लु हिमाल आरोहण गरेका थिए ।

आरोहण दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै गोरखा नगरपालिकाका मेयर कृष्ण बहादुर रानाले गोरखामा इतिहास पढ्न नभएर हेर्नका लागि पर्यटक आउने गरेको बताए । ' गोरखा नेपालको इतिहास बोकेको ठाउँ हो, नेपाल एकिकरणका लागि पृथ्वीनारायण शाहले नेतृत्व गरे, गोरखाका जनताले साथ दिए', मेयर रानाले भने, 'नेपाल एकिकरण समय किताबमा पढेका आधारमा आन्तरिक पर्यटक गोरखा आउँछन्, गोरखा इतिहास पढ्न होइन, इतिहास हेर्न पर्यटक गोरखा



आउँछन् ।' उनले पृथ्वीनारायण शाहले नेपाल एकिकरण गरेर नेपालको राजधानी काठमाडौं सारेपछि गोरखा छायाँमा परेको गुनासो गरे । 'नेपाल एकिकरणपछि पृथ्वीनारायण शाहले नेपालको राजधानी काठमाडौं सारेपछि गोरखा छायाँमा पर्दै आएको छ, उनले भने, ' गोरखा सबै क्षेत्रबाट छायाँमा परेपछि पर्यटक प्रवर्द्धन मार्फत गोरखालाई लयमा फर्काउन गोरखा भ्रमण वर्ष घोषणा गरेको छौं, सबैलाई गोरखा घुम्न आउन निम्तो समेत दिन चाहान्छु ।' उनले गोरखा धार्मिक, सांस्कृतिक र प्राकृतिक रुपमा धनी भएकाले गोरखाको समृद्धि पर्यटन क्षेत्रको योगदान महत्वपूर्ण रहेको बताए । गोरखा नगरपालिका उपप्रमुख सपना पुनले पोखरा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई गोरखा घुम्न पठाउन आग्रह गरिन् । 'पोखरा आउने पर्यटकलाई गोरखा पठाउने काम पर्यटन व्यवसायीले गर्नुपर्छ', उपप्रमुख पुनले भनिन्, ' गोरखा आउने पर्यटक मनास्लु पदयात्रा, लार्के पास सम्म पर्यटक पुऱ्याउन सके गोरखाको मात्र नभएर देशमै समृद्धिमा सहयोग पुग्छ ।' उपप्रमुख पुनले मनास्लु, चुमभ्याली पदयात्रा जाने पर्यटक धादिङको मलेखु, आरुघाट जाँदा गोरखा छायाँमा पर्दै आएको बताए । अन्नपूर्ण पदयात्रा सडक सञ्जालले जोडिएपछि आन्तरिक तथा बाह्य पर्यटकले मनास्लु पदयात्रालाई रोज्दै आएका छन् ।

पर्यटन बोर्ड गण्डकीका प्रदेशका प्रमुख मणिराज लामिछानेले गण्डकीका तीन पालिकाले पर्यटन वर्ष घोषणा गरेर पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याएको बताए । ' पर्यटन प्रवर्द्धनका लागि गण्डकी प्रदेशका तीन पालिका, पोखरा महानगरपालिका, गोरखा नगरपालिका र बन्दिपुर नगरपालिकाले सन् २०२५ लाई पर्यटन भ्रमण वर्षका रुपमा अगाडि बढाएका छन्', प्रमुख लामिछानेले भने, 'पर्यटन भ्रमण वर्षले ग्रामिण पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्छ ।' उनले मनास्लु हिमाल आरोहणको ७० औ वर्ष भब्य रुपमा मनाउन जापानीज राजदुतावाससँग छलफल गरिरहेको बताए । 'जापनीज नागरिकले मनास्लु हिमाललाई जापान हिमालको रुपमा मान्छन् त्यसैले ७० औ मनास्लु हिमाल आरोहण दिवस सामागाउँ नै गएर जापानीज राजदुतावासको उपस्थितिमा मनाउने गरी छलफललाई अगाडि बढाएको छु ।' उनले भने । संसारको ८ हजार मिटरको अग्लो उचाईमा रहेको मनास्लु हिमाल संसारको आठौं र नेपालको सातौं अग्लो हिमाल हो । ट्रेकिङ एजेन्सीज् एशोसिएशन अफ नेपाल ९टान० गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्यले ग्रामिण पर्यटन प्रवर्द्धन गर्नु नै टानको उद्धेश्य रहेको बताए । 'टानले स्थापना कालदेखि नै ग्रामिण पर्यटनको प्रवर्द्धनमा काम गर्दै आएको छ, पछिल्लो समय पदमार्ग सडक सञ्जालले जोडिदा पर्यटन व्यवसायमा मर्कामा परेका छन्, अध्यक्ष आचार्याले भने, 'टानको नेतृत्वमा पहिलो पटक गोरखामा मनास्लु हिमाल आरोहण दिवस मनाउँदै गर्दा ग्रामिण पर्यटन प्रवर्द्धनको उद्धेश्यसहित आएका छौं ।

# विन्दुवासिनी संस्कृत विद्यापीठमा अनुसन्धान विधि तालिम सुरु

विनिता गाहामगर/सविना कुवर
पोखरा, २७ बैशाख

विन्दुवासिनी संस्कृत विद्यापीठ, पोखरामा पाँच दिवशीय अनुसन्धान विधि शुक्रबारदेखि तालिम सुरु भएको छ ।

विद्यापीठ अन्तर्गतको अनुसन्धान व्यवस्थापन एकाइको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा तालिम आयोजना गरिएको हो ।

तालिमको उद्घाटन समारोहमा गण्डकी विश्वविद्यालयका कुलपति प्रा. डा. इन्द्रप्रसाद तिवारीले उच्च शिक्षामा तथा नीति निर्माणमा अनुसन्धान पद्धतिको बढ्दो महत्वमाथि जोड दिनुभयो । यस्ता कार्यक्रमहरूले शैक्षिक उत्कृष्टता सुदृढ गर्नुका साथै नवप्रवर्तनमा टेवा पुऱ्याउने उहाँले बताउनुभयो । अनुसन्धान व्यवस्थापन एकाइका संयोजक सहप्रा. डा. चुडामणि कडेलको अध्यक्षतामा सम्पन्न उद्घाटनसत्रमा विद्यापीठका पूर्व प्राचार्य प्रा. श्रीराम वराल, निवर्तमान प्राचार्य प्रा. डा. जगन्नाथ रेग्मी, अंग्रेजी




विभागका विभागीय प्रमुख प्रा. सत्यराज सुवेदी, प्राचार्य सहप्रा. आनन्दमणि रिजाल लगायतले कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो । समारोहमा पोखरास्थित पृथ्वीनारायण, कन्या, कालिकालगायत क्याम्पसका प्राध्यापक, विद्यापीठमा कार्यरत प्राध्यापक, कर्मचारी विद्यार्थीको उपस्थिति रहेको थियो । उद्घाटन पश्चातका छुट्टाछुट्टै सत्रमा प्रा. श्रीराम बराल र सहप्रा. डा. भोलानारायण रेग्मीले अध्यक्षता गर्नुभएको थियो भने पृथ्वीनारायण क्याम्पसका अंग्रेजी शिक्षा विभागका विभागाध्यक्ष सह प्रा. डा. नवराज न्यौपाने र पिण्डेश्वर विद्यापीठको व्याकरण विभागका सहप्रा. डा. भवानीशंकर भट्टराईले सहजीकरण गर्नुभएको थियो । आगामी वैशाख ३० गतेसम्म चल्ने तालिममा प्राज्ञिक अनुसन्धान विधिसम्बद्ध १० कार्यपत्र प्रस्तुति र कार्यशालाहरू सञ्चालन हुनेछन् । अनुसन्धान व्यवस्थापन इकाइका सदस्य सचिव उप. प्राध्यापक प्रकाश पौडेलद्वारा सञ्चालित कार्यक्रमका सहभागीलाई अनुसन्धान व्यवस्थापन एकाइका सदस्य सहप्रा. डा. योगराज पौडेलले स्वागत गर्नुभएको थियो ।

# पोखरा–३ मा यौन तथा प्रजनन् स्वास्थ्य शिविर

दुर्गा नेपाली/पिमला नेपाली
पोखरा, २७ बैशाख

नेपाल परिवार नियोजन संघ कास्कीको आयोजना तथा पोखरा महानगरपालिका वडा नं ३ कार्यलयको सहयोगमा शनिवार यौन तथा प्रजनन् स्वास्थ्य शिविर एवं सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

पोखरा महानगरपालिका वडा नं ३ नदीपूरस्थित बाल मन्दिर माविको परिसरमा आयोजित कार्यक्रमबाट ५७ जना लाभान्वित हुनुभएको छ । विशेष गरी महिलाहरुको स्वास्थ्यलाई प्राथमिकता राखेर कार्यक्रम गरिएको नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले जानकारी दिनुभयो ।

शिविरको उद्घाटन गण्डकी प्रदेश नीति तथा योजना आयोगकी सदस्य दुर्गा



लामिछानेले गर्नुभएको थियो । कार्यक्रममा बोल्दै उहाँले स्वास्थ्य र समाजिक क्षेत्रका लागि उपयोगी हुने गरी योजना निर्माणमा प्राथमिकता दिने बताउनुभयो । 'सबै क्षेत्रका आवश्यकतालाई बुझ्छौं, उहाँले भन्नुभयो, जनताका आवश्यकतालाई प्राथमिकता दिनेछौं ।' पोखरा महानगरपालिका वडा नं ३ का वडा अध्यक्ष प्रकाश उदासले शिक्षा र स्वास्थ्यलाई आफ्नो वडाले प्राथकिता दिएको बताउनुभयो । कार्यक्रममा नेपाल परिवार नियोजन संघका निवर्तमान महासचिव अर्जुन सिग्देल र वरिष्ठ स्त्री रोग विशेषज्ञ डा. कालिका भण्डारीले बोल्नुभएको थियो । नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम वरिष्ठ शाखा प्रबन्धक नवराज तिवारीले सञ्चालन गर्नुभएको थियो ।

# प्रेस सेन्टर नेपाल गण्डकीको विकास पत्रकारिता तालिम पोखरामा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २७ बैशाख

प्रेस सेन्टर नेपाल, गण्डकी प्रदेश समितिको आयोजना, प्रेस सेन्टर कास्कीको समन्वयमा पोखरामा दुई दिने 'विकास पत्रकारिता तालिम' सम्पन्न भएको छ ।

शनिबार पोखरामा सम्पन्न भएको उक्त तालिममा वोल्ने वक्ताहरुले डिजिटल पत्रकारिता आजको आवश्यकता भएकोमा जोड दिनुभयो । प्रेस सेन्टर नेपालका केन्द्रीय अध्यक्ष कमल गिरिले नेपाली पत्रकारिताको अवस्थाको बारेमा जानकारी गराउदै अबको पत्रकारिता समय सापेक्ष डिजिटलाइजेसन हुनु पर्नेमा जोड दिनुभयो । परम्परागत पत्रकारिता अब टिक्न नसक्ने उहाँको भनाई थियो । केन्द्रीय अध्यक्ष गिरिले परम्परागत मिडिया रेडियो, टिभी र पत्रपत्रिका धरापमा



परेको र डिजिटल प्लेटफर्ममा पत्रकारिताको प्रवृत्ति बढ्दै गएको बताउनु भयो ।

प्रेस सेन्टर नेपालले तथ्यपरक, व्यवसायिक र मिशन केन्द्रित पत्रकारिता गर्नुपर्नेमा उहाँको जोड थियो । गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकी उपसचिव पार्वती लामिछानेले प्रदेशले गरेका राम्रा तथा नराम्रा कामको उचित ढंगले मुल्याङ्कन गर्न आग्रह गर्नुभयो । सरकारका राम्रा कामको प्रचार र गलत कामको खबरदारी गर्न उहाँले आग्रह गर्नुभयो । प्रशिक्षक विनोद शर्माले पत्रकारितालाई राइट होल्डर्सबाट डिउटी बेरियर्ससम्म पुऱ्याउन पत्रकारहरूले सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो । उहाँले विकास पत्रकारिताको सम्मानजन्य भूमिका स्थापित गर्नका लागि सूचना श्रृंखलालाई प्रभावकारी बनाउनु पर्नेमा जोड दिनुभयो ।

दोश्रो दिनमा प्रेस सेन्टर नेपालका पूर्व केन्द्रिय सदस्य चिरन्जीवी अधिकारीले आइटी सम्बन्धी सहजीकरण गर्नु भएको थियो । उक्त तालिममा विकास पत्रकारिता सहित आर्थिक, जनपत्रकारिता तथा सञ्चार माध्यमको सामाजिक उत्तरदायित्वका विषयमा प्रशिक्षण दिइएको थियो । गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहयोगमा सम्पन्न तालिममा पहिलो दिन अग्रज पत्रकार विनोद शर्मा र पत्रकार दिपक परियारले प्रशिक्षण दिनु भएको थियो । सहभागिहरुलाई अध्यक्ष गिरीले प्रमाणपत्र वितरण गर्नु भएको सेन्टर गण्डकीका महासचिव गुणाखर रोकाले बताउनु भयो । सेन्टर गण्डकीका अध्यक्ष अर्जुन काफ्लेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सेन्टरका तहहुँ अध्यक्ष अस्मिता खनाल, कास्कीका अध्यक्ष दीननाथ बराल लगायतले बोल्नु भएको थियो ।

# जनप्रिय र सृजना उपाधिका लागि भिड्ने

विशाल गाहामगर/सागर परियार
पोखरा, २७ बैशाख

चार खेल चार जितसँगै जनप्रिय स्कुल पोखरामा आयोजित अण्डर १६ विद्यालयस्तरीय टी २० क्रिकेट प्रतियोगिताको फाइनल प्रवेश गरेको छ । शीर्षस्थानमा रहँदै जनप्रियले उपाधिको लागि प्रतिस्पर्धा गर्ने छ । चार खेल, दुई जित, एक बराबर र एक हारसँगै दोस्रो स्थानमा रहेको सृजनाले उपाधिको लागि जनप्रियसँग खेल्ने छ ।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालित प्रतियोगितामा शनिबार जनप्रियले हिमालयन बोर्डिङलाई ७० रनले पराजित गर्दै शीर्षस्थानमा रह्यो । हिमालयनले टस जित्दै




बलिङको निर्णय लियो । जनप्रियले ९ विकेटको क्षतिमा १२१ रनको योगफल तयार पाऱ्यो । सन्तोष तामाङले २५ रनको योगदान दिदाँ मौसम भट्टराईले २३ र प्रशान्त भट्टराईले २० रनमा अविजित रहे । बलिङ तर्फ सुदर्शन कोइरालाले ४ विकेट लिए । यसैगरी हिमालयन बोर्डिङले जवाफी ब्याटिङ गर्ने क्रममा ९.४ ओभरमा ५१ रनमा समेटियो । आयुष पनेरुले सर्वाधिक १५ रन बनाए । सम्राट रावतले तीन ओभरमा ८ रन दिएर ५ विकेट लिए । उनी रावत प्लेयर अफ दि म्याच घोषित भए । यसैगरी अर्को खेलमा सृजना बोर्डिङले कुमुदिनी होम्सलाई ७ विकेटले पराजित गरेको छ । कुमुदिनीहोम्सले टस जित्दै पहिलो इनिङ्मा ८० रनको स्कोर बनायो । आयुष साहले १६ रन बनाए । सन्जीत कुँवरले १५ रन बनाउँदा विद्धान देवकोटाले १४ रन बनाए । आयुष अधिकारीले २ विकेट लिए । सोनु यादवको उत्कृष्ट ब्याटिङ प्रेरित सृजनाले सहज जित निकाल्यो । सोनुले २१ बल खेल्दै ४५ रन बनाए । त्यसस्तै विशाल ढकाल अविजित रहँदै १२ रन र दिवस तिवारीले पनि १२ रनको योगदान दिए । विद्धान देवकोटाले ३ विकेट लिए । खेलमा सोनु यादव प्लेयर अफ दि म्याच घोषित भए ।

# जनप्रतिनिधिसँग कास्की काँग्रेस

पोखरापत्र संवाददाता
पोखरा, २७ बैशाख

नेपाली काँग्रेस कास्कीले पोखरा कस्तो बनाउने भन्ने विषयमा विभिन्न क्षेत्रसँग छलफल गरी सुझाव संकलन जारी राखेको छ ।

तीन तहका सरकार नयाँ आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रम तयारीमा जुटिरहेका बेला पोखराको आवश्यकतालाई बजेट तथा कार्यक्रममा समावेश गर्नका लागि आवश्यक लबिङ गर्न छलफल गरी सुझाव संकलन गरिरहेको सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो ।

शनिवार पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरुसँग सुझाव संकलन गरिएको हो । शहर र गाउँको आवश्यकता बारे जनप्रतिनिधिहरुले सुझाव दिनुभएको थियो । यसअघि कास्की काँग्रेसले वडा कार्यसमितिका सभापतिसँग, पार्टीका महासमिति सदस्य, महाधिवेशन प्रतिनिधिसँग र उद्योग तथा पर्यटन व्यवसायीसँग छलफल गरी सुझाव संकलन गरेको थियो । कार्यक्रम नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालको अध्यक्षतामा भएको थियो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# भारत र पाकिस्तान युद्धविराम गर्न सहमत

अमेरिकाको मध्यस्थतामा भारत र पाकिस्तान सैन्य कारबाही रोक्न सहमत भएका छन्।दुबै देशका विदेश मन्त्रीले युद्धविरामका लागि सहमति भएको पुष्टि गरेका छन् । भारतीय विदेश सचिव विक्रम मिश्रीले पाकिस्तानका सैन्य अपरेसन महानिर्देशकले यसअघि भारतीय समकक्षीसँग सम्पर्क गरेको र दुवै पक्षले स्थल, समुद्र र हवाई क्षेत्रमा सबै सैन्य कारबाही रोक्न सहमत भएको पुष्टि गरेका छन् । मिश्रीका अनुसार युद्धविराम लागू गर्न निर्देशन जारी गरिएको छ र मे १२ को मध्याह्नमा डाइरेक्टर जनरल अफ मिलिटरी अपरेसन (डीजीएमओ) स्तरीय अर्को चरणको वार्ता हुनेछ।

विदेशमन्त्री मिश्रीले "पाकिस्तानको डाइरेक्टर जनरल अफ मिलिटरी अपरेसन (डीजीएमओ) र भारतीय डीजीएमओबीच शनिबार फोनवार्ता भएको र उनीहरुबीच भारतीय समय अनुसार साँझ पाँच बजेदेखि जमिन, आकाश र समुद्रमा सबै प्रकारका गोलाबारी र सैन्य कारबाही रोक्ने सहमति भएको जनाएका छन । युद्धविरामको समाचार पछि सिमा क्षेत्रका जनताले खुशी ब्यक्त गरेका छन। युद्धविरामबाट खुशी भएका जनता युद्धको पक्षमा थिएनन् भन्ने स्पष्ट हुन्छ।

"दुवै पक्षलाई आजैदेखि यो समझदारीलाई प्रभावकारी बनाउन निर्देशन दिइएको छासैन्य अपरेसनका महानिर्देशकहरूबीच मे १२ मध्यान्न १२ बजे फेरि कुरा गर्नेछन् ।" यसअघि शनिबार एक प्रेस ब्रिफिङका क्रममा मिश्रीले पाकिस्तानले भारतविरुद्ध गरिरहेको कारबाहीलाई 'उत्तेजक' प्रकृतिको भन्दै विरोध जनाएका थिए । पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक डारले पनि युद्धविरामको पुष्टि गर्दै "पाकिस्तान र भारत तत्काल लागू हुनेगरी युद्धविराम गर्न सहमत भएको जानकारी गराएका छन ।

"पाकिस्तानले आफ्नो सार्वभौमिकता र क्षेत्रीय अखण्डतामा कुनै सम्झौता नगरी यस क्षेत्रमा शान्ति र सुरक्षाका लागि सधैं प्रयास गर्दै आएको बताएको छ । यसअघि अमेरिकी विदेशमन्त्री मार्को रुबियोले दुवै देश तटस्थ स्थलमा व्यापक विषयमा वार्ता सुरु गर्न सहमत जानकारी गराएका थिए। बितेका ४८ घण्टामा उपराष्ट्रपति भान्स र मैले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफ, भारतका विदेशमन्त्री सुब्रमण्यम जयशङ्कर, सेनाप्रमुख असिम मुनीर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोभाल र असिम मलिकलगायत भारत र पाकिस्तानका वरिष्ठ अधिकारीसँग कुराकानी गरेको विवरण सार्वजनिक भएका थिए ।

"भारत र पाकिस्तानका सरकारहरू तत्काल युद्धविराम गर्न र तटस्थ स्थलमा व्यापक मुद्दाहरूमा वार्ता सुरु गर्न सहमत भएको घोषणा गर्न पाउँदा मलाई खुशी लागेको छ । हामी प्रधानमन्त्री मोदी र सरिफलाई शान्तिको बाटो रोज्ने बुद्धिमत्ता, विवेक र राजनेताको प्रशंसा गर्दछौं । अमेरिकन विदेश मन्त्रीको भनाइ छ। यसअघि गत मे २ मा पहलगाममा भएको आतङ्ककारी हमलाको जवाफमा भारतले मे ७ मा अप्रेसन सिन्दूर चलाएको थियो।उक्त आक्रमणमा परी २६ जनाको मृत्यु भएको थियो भने पाकिस्तानले पनि जवाफी कारबाही चलाएको थियो जसका कारण भारतीय सर्वसाधारणसहित केही सुरक्षाकर्मीको हताहत भएको थिए। सबैक्षेत्रले युद्धविराम गर्न दवाब दिएका थिए। युद्धको चपेटाबाट बाहिर निस्किन खोज्नेलाई सबैतिर समर्थन गर्नुपर्छ। भारत र पाकिस्तान सैन्य शक्तिलाई कमजोर मान्न सकिदैन।यसबाट छिमेकीलाई मात्र होइन विश्वलाई असर पर्छ। यो समय इमानदार भएर युद्धविरामको पालना हुनेछ भन्ने आशा गर्न सकिन्छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मानसिक तनाब | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बागलुङमा सात करोड ६६ लाखमा पुल निर्माण



**पोखरापत्र संवाददाता**
बागलुङ, २७ बैशाख

जिल्लाको बडिगाड गाउँपालिका-७ भिमगिठे र ९ को मालारानी जोड्ने गरी मोटरेवल पुल निर्माण भएको छ।

पाँच वर्ष अगाडि निर्माण सुरु भएको उक्त पुल अघिल्लो महिनादेखि सञ्चालनमा आएको हो । पुल सञ्चालनमा आएपछि राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गदेखि मालारानीसहित राजकुट, प्युठान र गुल्मी आउजाउ गर्न सहज भएको छ। विसं २०७७ कात्तिक २७ गते सडक डिभिजन कार्यालयले रु सात करोड ६६ लाखमा निर्माण कम्पनीलाई ठेक्का दिएको थियो। विसं २०७९ फागुनमा निर्माण सम्पन्न गर्नेगरी ठेक्का दिइएकामा तीन वर्षपछि मात्र निर्माण सम्पन्न भएको हो । पर्याप्त बजेट प्राप्त नहुँदा समयमै काम सम्पन्न नभएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी विष्णुप्रसाद लामिछानेले राससलाई जानकारी दिनुभयो । नवनिर्मित पुल मालारानीबाट राजकुट-हर्पे-देवीस्थान रोल्पा-रुकुम-जाजरकोट आवागमन सहज भएको छ । स्थानीय प्रेमबहादुर केसीले बडिगाडखोलामा पुल बनेपछि गाउँमा उत्पादन बजारीकरण गर्न सहज भएको बताउनुभयो। गाउँमा धेरै किसानले फलफूल र सागसब्जी उत्पादन गरे पनि अब डोकोमा बोकेर बजार पुऱ्याउनुपर्ने बाध्यता अन्त्य भएको उहाँले बताउनुभयो ।

# वडा कार्यालय भवन निर्माण सुरु

**पोखरापत्र संवाददाता**
दमौली, २७ बैशाख

यहाँस्थित व्यास नगरपालिका-३ को वडा कार्यालय भवन निर्माण सुरू गरिएको छ। नेपाल टेलिकमसँगै जोडिएको छ आना क्षेत्रफलमा वडा कार्यालय भवन निर्माण सुरू गरिएको हो।

उक्त भवनको गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले आज शिलान्यास गर्नुभयो। व्यास नगरपालिकाको रू एक करोड १८ लाखमा भवन निर्माण गरिने जनाइएको छ । तीनतले उक्त भवनमा वडाध्यक्ष, सचिवको कार्यालय, सभाहल हुने वडाध्यक्ष अनुप रानाले जानकारी दिनुभयो । हालसम्म निमचोकस्थित भाडाको घरमा भाडामा सञ्चालन हुँदै आएको वडा कार्यालयको नयाँ भवन निर्माणपछि सेवा प्रवाहमा सहजता हुने वडाअध्यक्ष रानाको विश्वास छ । उहाँले भन्नुभयो, "साँघुरो कोठाबाट सेवा प्रवाहमा असहज भइरहेको छ । नयाँ भवनबाट सहज रूपमा सेवा प्रवाह गर्न सक्छौं ।" भवन शिलान्यास कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य श्रेष्ठले जनप्रतिनिधिले जनताको भावनाअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो । जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले धेरै समयको प्रयासपश्चात् वडा कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्ति भएको बताउनुभयो।

व्यास नगरपालिका प्रमुख वैकुण्ठ न्यौपानेले सबै वडा कार्यालयको भवन निर्माण गर्ने नीति बमोजिम ३ नम्बर वडाको भवन निर्माण सुरू गरिएको जानकारी दिनुभयो । सरकारको मन्त्रिपरिषद् बैठकले उक्त वडा कार्यालय भवन निर्माणका लागि जग्गा उपयोग गर्न स्वीकृति दिने निर्णय गरेलगत्तै भवन निर्माण सुरू गरिएको हो । जिल्ला समन्वय समितिका नाममा दर्ता रहेको साविक फराकचौर गाविस वडा नं ९ को सो सरकारी जग्गा व्यास नगरपालिका- ३ को वडा कार्यालय भवन निर्माणका लागि उपयोग गर्न स्वीकृति दिइएको हो।

# बौद्ध धर्मदर्शन पालन गरौं: सञ्चारमन्त्री

**रासस**
काठमाडौं, २७ बैशाख

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले समाज रुपान्तरणमा गौतमबुद्धका दर्शनको भरपुर उपयोग गर्न आवश्यक रहेको बताउनुभएको छ।

सगरमाथा टेलिभिजन र सेतुबन्ध अध्ययन प्रतिष्ठानको संयुक्त आयोजनामा 'सिद्धार्थ गौतमको मार्गदर्शन र सान्दर्भिकता' विषयमा आज आयोजित कार्यक्रममा मन्त्री गुरुङले गौतमबुद्धले सिकाउनुभएको अहिंसा र शान्तिका माध्यमबाट नेपाललाई विश्व मञ्चमा चिनाउनुपर्ने बताउनुभयो । कन्फुसियसलेप्रतिपादनगर्नुभएको सिद्धान्तबाट चिनियाँ समाज उन्नत भएको, भारतमा पनि आयुर्वेद दर्शनको परिपालनले समुन्नति एवं सत्मार्गमा अग्रसर हुन धेरैलाई प्रेरित गरेको बताउँदै सञ्चार तथा सूचना प्रविधिमन्त्रीले बुद्धले देखाएको मार्गमा हिँड्न र उहाँले दिनुभएको शिक्षा अनुशरण हुनुपर्नेमा जोड दिनुभयो । प्राकृतिक सौन्दर्यले भरिपूर्ण हिमाल नै हिमालभएको हाम्रो देशलाई पर्यापर्यटनका साथै उत्तम ढङ्गले अतिथिको सत्कार गरेर समृद्ध नेपाल निर्माणको सपना साकार तुल्याउन सकिने विचार व्यक्त गर्नुभयो।

# म्याग्दीको लाखेत ओझेलमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ बैशाख

म्याग्दीको धवलागिरी गाउँपालिका-३ मुनामा रहेको लाखेत पर्यटक र पूर्वाधारका पर्खाइमा छ।

पर्यटकीय सम्भावना भएपनि पूर्वाधार र प्रचारप्रसारको कमीले मुना र फलीगाउँको शिर तथा मालिका धुरीको फेदीमा रहेको समथर फाँट लाखेतमा पर्यटक भित्रिन सकेका छैनन् । समुन्द्रि सतहदेखि दुई हजार २०० मिटर उचाइमा रहेको लाखेतबाट गुर्जा, धौलागिरि र मानापाथी हिमाल, धवलागिरि गाउँपालिकाका ग्रामिण वस्ति, पहाडी भूगोल र सुर्योदयको दृष्यावलोकन गर्न सकिन्छ।

मुनाका बासिन्दा मदन पुनले प्राकृतिक हिसाबले सुन्दर र मनोरमस्थल लाखेत सधैँ सुनसान भएको बताउनुभयो। "दृष्य अवलोकनका साथै शान्त र एकान्त वातावरण पनि लाखेतको विशेषता हो," उहाँले भन्नुभयो "मुना र फलीयागाउँ हुँदै ढोरपाटन, गुर्जा, डोल्पा र धौलागिरि चक्रीय पदमार्गमा आउने पर्यटकलाई लाखेत घुमाएर बसाई लम्बाउन सकिन्छ ।" लाखेत नजिकैको खर्क र बारीमा हिउँदयाममा गाईभैंसीका घुम्ती गोठ राख्ने गरिन्छ । गोठालाको दैनिकी र जीवनशैलीले पनि पर्यटक लोभ्याउन सक्ने सम्भावना छ । मुना र फलियागाउँदेखि करिब ३० मिनेट उकालो पैदलयात्रा र सवारी साधनमा १० मिनेटमा लाखेतमा पुगिन्छ। केही वर्षअघिसम्म मकै, कोदो र आलु खेती हुने लाखेतको बारी बाँझिन थालेको छ। घुम्ति पशुगोठ लैचाने चलन हराएको छ।

युवा पुस्ता विदेश पलायन र बसाइसराईका कारण बारी बाझिनुका साथै घुम्ती गोठ हराएको हो । लाखेतमा बनभोजस्थल बनाउन आर्थिक वर्ष २०७६/०७७ मा डिभिजन वन कार्यालयमार्फत सार्वजनिक शौचालय र दृष्य अवलोकनस्थल निर्माण भएको थियो। संरक्षण र उपभोग नहुँदा शौचालय र दृष्य अवलोकनस्थल अलपत्र भएको छ । धवलागिरी गाउँपालिकाले मुनादेखि लाखेतसम्म सडक पुऱ्याएको छ। मुनादेखि धार्मिक पर्यटकीयस्थल मालिका धुरी जाने सडक लाखेतको नजिकै छ । मालिका जोड्ने सडक स्तरोन्नति, फलीगाउँ र मुनादेखि लाखेत जोड्ने पदमार्ग निर्माण गर्न आवश्यक छ । साथै यहाँको विशेषता र आकर्षणको बारेमा प्रचारप्रसार नभएकाले पनि ओझेलमा परेको हो। लाखेतलाई बनभोजस्थलको रूपमा विकास गर्न पहल गरेको धवलागिरी-३ मुनाका वडा अध्यक्ष देवेन्द्र रोकाले बताउनुभयो। मुना र फलीगाउँमा बास बस्ने पर्यटकलाई हाईकिङ गराएर लाखेतसम्म पुऱ्याउने र दृष्य अवलोकन गराउने ब्यवस्था मिलाउन पहल गरेको उहाँले बताउनुभयो।

# 'दरमखोला जलविद्युत आयोजना' को काम अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ बैशाख

दरमखोला जलविद्युत आयोजनाको काम अन्तिम चरणमा पुगेको छ । पाँच वर्ष अगाडि निर्माण सुरु भएको आयोजनाको आगामी असारमा सञ्चालनमा आउने गरी धमाधम काम भइरहेको छ।

विसं २०६५ जलविद्युत निर्माण गर्ने भनिए पनि २०७७ सालदेखि मात्रै काम सुरु भएको थियो । अहिलेसम्म पाइलाइन, विद्युत गृह निर्माणसहित ९६ प्रतिशत काम सकिएको जनाइएको छ । सुरुमा गोर्खा हाइड्रोपावर कम्पनीले निर्माण गर्ने भने पनि अहिले दरमखोला हाइड्रो इनर्जी प्रालीले काम गरि रहेको छ । गलकोट नगरपालिका-८ काँडेबासमा ड्याम निर्माण गरि साढे चार किलोमिटर पश्चिम मनेवापाटामा विद्युतगृह निमार्ण गरिएको छ । यो हाइड्रोपावर बागलुङ जिल्लाकै सबैभन्दा ठूलो भएको जनाइको छ। उक्त हाइड्रोपावरबाट ९.६ मेघावाट विद्युत उत्पादन हुने दरमखोला हाइड्रो इनर्जी प्रा.लिका इन्जिनियर निरज दासले जानकारी दिनुभयो। अब विद्युत गृह भित्रको केही काम बाँकी रहेको जनाउँदै आगामी असार महिना भित्रै विद्युत उत्पादन गर्ने गरि काम भएको उहाँले जानकारी दिनुभयो।

यस हाइड्रोपारवलाई केन्द्रीय प्रशारण लाइनमा जोड्ने उहाँको भनाइ छ । लाइन तान्ने र पोल गाड्ने काम विद्युत प्राधिकरण बागलुङ वितरण केन्द्रले गरि रहेको दास बताउनुहुन्छ ।उहाँले भन्नुभयो, "हाइड्रोपावरको धेरै काम सकियो, अब केही 'इन्टरर्नल' काम मात्रै बाँकी छन्, ति काम पनि छिट्टै सकिने गरि भइरहेका छन्, हामीहरुले पाइपलाइनमार्फत दरमखोलाको पानी लिएर विद्युत उत्पादन गर्न थालेका हौँ, काँडेबासमा ड्याम निर्माण गरेर मनेवामा पावर हाउस निर्माण भएको छ, अबको दुई महिनामा विद्युत उत्पादन हुनेछ।"

जलविद्युत आयोजनाको निर्माणको जिम्मा रामेछाप शेर्पा कन्स्ट्रक्सन र क्रिमहाइडल लिमिटेड पाएका थिए। दरमखोला हाइड्रो इनर्जीका अध्यक्ष नरबहादुर पुन 'निरज'ले हाइड्रोपावर रु दुई अर्ब १५ करोड लगानीमा निर्माण भइरहेको बताउनुभयो । सुरुमा गोर्खा हाइड्रोपावर कम्पनीले बनाउने गरि इजाजत पाए पनि उक्त कम्पनीले काम नगरेपछि आफूले सुरु गरेको उहाँको भनाइ छ । जिल्लाका विकट क्षेत्रमा विद्युत पुऱ्याउने उद्देश्यले हाइड्रोपावर निर्माण गरेको उहाँले जानकारी दिनुभयो । "यो हाइड्रोपावर निर्माण गर्न धेरै समय लाग्यो, १७ वर्ष अगाडि गोर्खा हाइड्रोपार कम्पनीले इजाजत पाएको थियो, त्यसलाई रद्द गरेर हामीहरुले नयाँ कम्पनी बनाएर काम गऱ्यौं, प्रक्रिया धेरै पहिले सुरु भए पनि काम थालेको पाँच वर्ष भयो" अध्यक्ष पुनले भन्नुभयो, "यहाँबाट विद्युत उत्पादन भएपछि हरिचौर सवस्टेशनमा जोड्ने तयारीमा छौं, एक डेढ महिनामा यो विद्युत बल्छौं, यो बागलुङकै ठूलो हाइड्रोपावर हो।"

# ध्यानका लागि प्रभुचेलामा बन्यो पूर्वाधार

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ बैशाख

सामुदायिक मेडिटेशन (ध्यान) केन्द्र सञ्चालनका लागि म्याग्दीको मालिका गाउँपालिका-७ प्रभुचेला धुरीमा गण्डकी प्रदेश सरकार र समुदायको रु एक करोडभन्दा बढी लगानीमा पूर्वाधार निर्माण भएको छ।

परापूर्वकालमा ऋषिमुनीहरूले तपस्या गरेर ज्ञान आर्जन गरेको प्रभुचेला तनाव व्यवस्थापन, मानसिक र शारीरिक स्वास्थ्यका लागि उपयोगी मानिएको मेडिटेशन गर्ने थलोका रूपमा विकास गर्न पूर्वाधार निर्माण गरिएको हो।

प्रदेश सरकारको रु ६५ लाख बजेटबाट आश्रयस्थल भवन, सार्वजनिक शौचालय, हवन कुण्ड, पदमार्ग र घेराबार तथा समुदायले चन्दा सङ्कलन गरेर जुटाएको रु २८ लाखले तपस्यास्थलका लागि स्थानीय काठ, ढुङ्गा र माटोको प्रयोग गरेर मौलिक किसिमको गोलघर निर्माण भएको प्रभुचेला धुरी प्रवर्द्धन समाजले जनाएको छ।

विभिन्न दाताहरूले व्यक्तिगत लगानीमा परापूर्वकालमा ऋषिमुनीहरूले प्रयोग गरेको कुटी, हवन कुण्ड र साधनास्थलको संरक्षणका साथै मन्दिर र खानेपानी निर्माण गरिएको समाजका अध्यक्ष टीकाबहादुर जुग्जाली (नविन) ले बताउनुभयो । मालिका गाउँपालिकाको सहयोगमा सोरवाङदेखि प्रभुचेला धुरीलाई सडकले जोडिएको छ।

पलबिर जुग्जालीले कपिलानन्दले ध्यान गर्नुभएको कुटीको पुनःनिर्माण गरेका छन् । छकप्रसाद पाइजाले शिव र देउप्रसाद जुग्जालीले गणेशको मन्दिर बनाएका छन् । रुपलाल पुनको संयोजकत्वमा स्व मनबहादुर थजाली पुन र रतिमा पुनको स्मृतिमा खानेपानीको पाइप जडान, धारा र ट्याङ्की निर्माण भएको छ। परापूर्वकालमा ऋषिमुनीहरूले प्रभुचेला धुरीमा तपस्या गरेर ज्ञान आर्जन गरेको तीन वर्षअघिको अध्ययनबाट तथ्यहरू पहिचान भएपछि संरक्षण र पूर्वाधार निर्माण थालिएको थियो । वस्तीदेखि टाढा र जङ्गलको बीचमा शान्त हावापानी र वातावरणमा योग ध्यान गर्नका लागि उपयुक्त मानिएको छ।

पूर्वाधार निर्माण भएपछि यहाँ आउने तपस्वी, भक्तजन र पर्यटकलाई सहज भएको प्रभुचेला ध्यान केन्द्र व्यवस्थापन समितिका सचिव सुरमान गर्बुजाले बताउनुभयो। प्रभुचेला धुरीमा एक सय वर्षअघिसम्म ऋषिमुनीहरूका लागि तपस्यास्थल थियो। बिम गाउँको शिर र मालिका धुरीको फेदीमा अवस्थित प्रभुचेलमा नेपाल र भारतका विभिन्न ठाउँबाट ऋषिमुनीहरू आउने गर्दथे।

स्वर्गद्वारी महाप्रभुका उत्तराधिकारी कपिलानन्द स्वामीले विसं १९७० देखि १९७५ सम्म यही ठाउँमा तपस्या गरेका थिए । कपिलानन्द स्वामीले तपस्या गर्ने क्रममा बनाएको कुटी, साधनास्थल र हवन कुण्डको भग्नाअवशेस अझै छन् । प्रभुचेला धुरीबाट धवलागिरी र गुर्जा हिमशृङ्खला अवलोकन गर्न सकिन्छ। समुन्द्र सतहदेखि दुई हजार चार सय मिटर उचाइमा अवस्थित प्रभुचेला धुरी बिमदेखि दुई घण्टा र सवारीसाधनमा ३० मिनेटमा पुगिन्छ।

# लेखनाथ पत्रकार मञ्चमा पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

लेखनाथ पत्रकार मञ्चको तेस्रो अधिवेशन तथा चौथो साधारणसभाले विष्णुहरि पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ।

कार्यसमितिको उपाध्यक्षमा सन्दिप पौडेल, सचिवमा रामशरण नेपाली, सहसचिवमा सुजित परियार र कोषाध्यक्षमा कृष्णप्रसाद लामिछाने रहनुभएको छ। समितिका सदस्यहरूमा शुष्मा नेपाली, प्रिजना दिवाल, चिरञ्जीवि भूर्तेल, विमल तिवारी, अमृत श्रेष्ठ र जनकराज तिवारी रहनुभएको छ। अधिवेशन सम्पन्न गर्नका लागि महेश्वर पाण्डेको संयोजकत्वमा भरतप्रसाद तिवारी र वासुदेव पौडेल सदस्य रहनुभएको निर्वाचन समिति गठन गरिएको थियो। यस



अघि अधिवेशनको उद्घाटन गर्दै गण्डकी प्रदेशसभा सदस्य सरस्वती गुरुङले सामाजिक सञ्जालको बढ्दो प्रयोगले चुनौतीपूर्ण बन्दै गएको बर्तमान अवस्थामा पत्रकारिताको मर्म र भावनालाई मर्न दिन नहुने बताउनुभयो। नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले लेखनाथ क्षेत्र प्राकृतिक रुपमा सुन्दरका साथै यहाँका संघसंस्थाबीच सहकार्य र एकता राम्रो रहेको भन्दै प्रशंसा गर्नुभयो। मञ्चका अध्यक्ष कविराज खनालको सभापतित्व एवम् सचिव विष्णुहरि पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा संस्थापक अध्यक्ष भीमपाणि बरालले स्वागत गर्नुभएको थियो।

कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी नवराज सुवेदी, कृयाशिल महिला पत्रकार संघ गण्डकीका अध्यक्ष सरिता तिमल्सिना पगेनी, पोखरा महानगरपालिका वडा नं २७ का वडा अध्यक्ष पूर्णकुमार गुरुङ, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य बाबुराम गिरी, खेलकुद पत्रकार मञ्च गण्डकीका उपाध्यक्ष राजाराम पौडेल लगायतले बोल्नुभएको थियो।

कार्यक्रममा मञ्चको संस्थागत विकासमा महत्वपूर्ण सहयोग पुऱ्याएको भन्दै लेखनाथ उद्योग वाणिज्य संघ, पुरस्कार अक्षयकोषदाता पोखरा ३० का शेरबहादुर गुरुङ, सहयोगदाता पोखरा ३२ का बुद्धिमान गुरुङ, पोखरा २९ आदर्श हार्डवेयरका सञ्चालक विजय गुरुङ, र पोखरा २६ का नमस्ते पार्टी प्यालेसका सञ्चालक सूर्यमणि लामिछाने लाई सम्मान गरिएको थियो।

# गण्डकीमा कोटिहोममा १ हजारभन्दा बढी कन्या पूजन र ज्येष्ठ नागरिक सम्मानित

**दुर्गा नेपाली / पिमला नेपाली**
पोखरा, २७ बैशाख

पोखरामा जारी श्री गण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट ज्ञान महायज्ञमा शनिवार भक्तजनको सहभागिताले आयोजकलाई उत्साहित बनाएको छ।

कोटिहोममा शनिबार नै १ हजार भन्दा बढी कन्या सहभागि गराएर पूजा गरिएको छ। कोटिहोममा तीनदेखि नौ वर्ष उमेर समूहका १ हजार बढी कन्या सहभागी गराएर पूजा गरिएको हो। साथै ७० वर्षभन्दा माथि उमेर पुगेका १ हजार भन्दा बढी ज्येष्ठ नागरिकलाई समेत सम्मान गरिएको छ।

कोटिहोममा चर्चित लोकदोहोरी गायक पशुपति शर्माको भजनबाट दर्शकहरुले भरपुर मनोरञ्जन लिएका थिए। उनीसँगै लोकदोहोरी गायिका अस्मिता डल्लाकोटि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त लोक गायिका तथा फाउन्डेसनकी केन्द्रीय उपाध्यक्ष राधिका हमालको भजन तथा विशेष सांगितिक कार्यक्रम सहित भजन मार्फत ज्येष्ठ नागरिक लगायत भक्तजन छमछम नाचेका थिए। महायज्ञका संकल्पकर्ता, वालयोगेश्वर विजय श्रीकृष्ण मूर्तिले श्रद्धा, समर्पण र भक्ति भावले कोटिहोममा विशेष भएको जानकारी गराउदै वैदिक विधिपूर्वक आहुति अर्पण गर्दै धर्म, संस्कार र सामाजिक चेतनाको सन्देश दिए। ७० वर्षभन्दा माथि उमेर पुगेका १ हजार भन्दा बढी ज्येष्ठ नागरिकलाई सम्मानले सामाजिक उत्तरदायित्व र समर्पणको भावनालाई बलियो बनाएको उनको भनाई थियो। महायज्ञको मूल उद्देश्य समाजमा धार्मिक जागरण, संस्कारको प्रवर्द्धन र मानव कल्याण गर्नु रहेको छ' उनले भने, 'महायज्ञले आध्यात्मिक ऊर्जा प्रदान गर्दै समाजलाई एकजुट गरी



सकारात्मक सोचको विकास पनि गराउँछन्।' उनले कोटिहोममार्फत वातावरणीय शुद्धता, मानसिक शान्ति र आत्मिक उन्नति सम्भव रहेको बताए। कोटिहोममा सात दिन प्रवचन दिनका लागि वैशाख २८ देखि जेठ ३ गतेसम्म वाचन प्रवीण पं. दिनबन्धु पोखरेल, जेठ १४ देखि २२ गतेसम्म प्रसिद्ध कथा वाचिका राधिका दासी, श्रीराम कथा वाचिका देवी चन्द्रकला सखी, दार्शनिक प्रवचनकर्ता चैतन्यकृष्ण महाराज सहभागी हुने महायज्ञ मूल आयोजक समितिका सह निर्देशक युवक लामिछानेले जानकारी दिए। कोटिहोम जेठ २६ गतेसम्म सञ्चालन हुने छ।

यसैगरी नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले विश्व शान्तिको स्थापनाका निम्ति पोखरा जारी कोटिहोम कडिको रुपमा रहेको बताएका छन्। पोखराका जारी कोटिहोममा शनिबावर प्रमुख अतिथिको रुपमा रहेको शर्माले कलियुगको अत्यन्त ठूलो महायज्ञ भएकोले यो महायज्ञले विश्व शान्तिको स्थापना गर्न महत्वपूर्ण सन्देश दिएको बताए। 'कलियुगमा यज्ञ गर्ने कमै हुन्छन्, अझै महायज्ञ गर्ने त विरलै भेटिन्छ' शर्माले भने,' कलियुगमा यति ठूलो ऐतिहासिक महायज्ञ गर्ने चानेचुने कुरा होइन्, यो महायज्ञको जति नै प्रशंशा गरे नि कमै हुन्छ।' महायज्ञका संकल्पकर्ता, वालयोगेश्वर विजय श्रीकृष्ण मूर्तिले गरेको यो कार्य उदाहरणीय भएको बताउँदै उनले यहाँ आउने भक्तजनले सकरात्मक उर्जा लिएर जानुपर्नेमा जोड दिए। 'म यहाँ अतिथि भन्दा पनि यो महायज्ञको दर्शन गर्न आएको हो' उनले भने, 'जव महायज्ञ स्थल आएर दर्शन गरे म अचम्मित भए कि पोखरामा यति ठूलो महायज्ञ गर्नुभएकोमा आयोजकप्रति आभार व्यक्त गर्दछु।' महायज्ञले सकारात्मक सन्देश दिएको बताउँदै उनले यो महायज्ञबाट सबैले सकरात्मक उर्जा लिएर जान आग्रह गरे।

कोटिहोममा जेठको पहिलो हप्ता राष्ट्रव्यापी खुल्ला वक्तृत्वकला प्रतियोगिता हुने भएको छ। देशभरबाट कक्षा ८ देखि १२ सम्मका विद्यार्थी उक्त वक्तृत्वकला प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन्। एसइई तथा कक्षा ११ को परीक्षा दिएका विद्यार्थी पनि प्रतियोगिता सहभागिता जनाउन पाउनेछन्। प्रतियोगितामा प्रथम हुनेलाई ५१ हजार १ सय ५१, द्वितीय हुनेलाई ४१ हजार १ सय ४१, तृतीय हुनेलाई ३१ हजार १ सय ३१ र सान्त्वना हुनेलाई २१ हजार १ सय २१ र विविध सम्मान गरिने छ।

# मोहरपानी आदर्श टोलमा सिग्देल

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

मोहरपानी आदर्श टोल बिकास संस्था पोखरा १३ आर्वाको शनिवार सम्पन्न भएको चौथो अधिवेशनले श्रीराम सिग्देलको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ।

संस्थाको उपाध्यक्षमा श्रीराम बराल, सचिवमा शिबराज बराल, सहसचिवमा बद्रीप्रसाद देबकोटा तथा कोषाध्यक्षमा सुमित्रा बराल (नमुना) छानिएका छन्। त्यसैगरी सदस्यहरुमा सूर्यबहादुर सिग्देल, राजनकुमार सिग्देल, केशबराज बराल, शंकर बराल, गोपिनाथ बराल, अनिता परियार क. तारानाथ सिग्देल र अनिता परियार ख. चुनिएका छन्। संस्थामा दुई सदस्य पछि कार्यसमितिले मनोनित गर्ने बताईएको छ।

श्रीकान्त सिग्देलको संयोजकत्वमा रामजी सिग्देल, कृष्णप्रसाद बराल, प्रकाश सिग्देल



तथा मोहन सिग्देल सदस्य रहेको निर्वाचन समितिले अधिवेशन सम्पन्न गराएको थियो।

अधिवेशनका प्रमुख अतिथि पोखरा महानगरपालिका वडानं १३ का अध्यक्ष किरण बरालले वडाको समग्र बिकाशमा यस्ता संस्थाहरुको महत्वपूर्ण भूमिका रहने भन्दै सहकार्य गर्दै अगाडि बढ्ने बताए। उनले यो टोलमा शुरुवात गरिएको पक्की सडक तथा दोबाटो खेल मैदान आफ्नो कार्यकालमा निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाए। संस्थाका अध्यक्ष श्रीराम सिग्देलको अध्यक्षतामा भएको उद्धाटन कार्यक्रममा संस्थाका सल्लाहकारहरु ऋषीराम सिग्देल, नरबहादुर बराल, कृष्णप्रसाद बराल, आदर्श सहकारी संस्थाका अध्यक्ष राजेन्द्रप्रसाद बराल, जेष्ठ नागरिक कल्याणकारी संस्थाका अध्यक्ष बलराम सिग्देल, जागरण आमा समुहकी अध्यक्ष लक्ष्मी देबकोटा, आदर्श अर्गानिक कृषक समूहका अध्यक्ष शिबप्रसाद बराल, वास्थला गनगने पँधेराखोला खानेपानी समितिकी कोषाध्यक्ष मधु बराल, लक्ष्मीनारायण टोलका अध्यक्ष अशोक बराल, ऐश्वर्य टोलका अध्यक्ष बुद्धिराज बराल, भीरपानी सिस्नेपानी समितीका अध्यक्ष बुद्धिप्रसाद बराल, अर्धनारेश्वर टोलका कोषाध्यक्ष गोबिन्दप्रसाद बराल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। संस्थाका अध्यक्ष श्रीराम सिग्देलद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष सुमित्रा बराल (नमुना) द्वारा प्रस्तुत आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरिएको थियो। कार्यक्रममा उपाध्यक्ष श्रीराम बरालले स्वागत तथा सहसचिव बद्रिप्रसाद देबकोटाले कार्यक्रम सञ्चालन गरेका थिए। यसैबिच संस्थाका सल्लाहकार एवं समाजसेवी नरबहादुर बरालद्वारा अध्यक्ष श्रीराम सिग्देल मार्फत श्रीराम मन्दिर संरक्षण तथा मन्दिरको स्तरोन्नतीमा सहयोग पुग्ने हेतुले मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामजी सिग्देललाई नगद ११ हजार एक सय ११ रुपयाँ सहयोग प्रदान गरेका थिए।

# उपल्लो मुस्ताङको चराङ र लोमान्थाङमा राष्ट्रिय परिचयपत्र वितरण गरिँदै

**रासस**
मुस्ताङ, २७ बैशाख

उत्तरी चीनसँग सिमान जोडिएको उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा धमाधम राष्ट्रिय परिचयपत्र वितरण गर्न थालिएको छ।

उपल्लो मुस्ताङमा बसोबास गर्ने नागरिकलाई जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय परिचयपत्र वितरण गर्न थालेको हो। लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाको पहलमा जिल्ला प्रशासन कार्यालय मुस्ताङले शुक्रबारदेखि उपल्लो मुस्ताङमा दुईदिने राष्ट्रिय परिचयपत्र वितरण शिविर सुरू गरेको छ।

गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्ट (राजु) र उपाध्यक्ष छिरिङ ल्हामो गुरूङको उपस्थितिमा जिल्ला प्रशासन कार्यालय मुस्ताङअन्तर्गत राष्ट्रिय परिचय पत्र शाखाले लोघेकर दामोदरकुण्ड गाउँपालिका केन्द चराङमा पुगेर तीन सय २५ जनालाई राष्ट्रिय परिचयपत्र वितरण गरेको मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिनुभयो। स्थानीय तहको समन्वयमा उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्डसहित लोमान्थाङमा छ सय ६८ जनालाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने कार्यक्रम रहेको प्रजिअ भुसालले बताउनुभयो। उपल्लो मुस्ताङमा राष्ट्रिय परिचयपत्र वितरणका



लागि चार जना कर्मचारी खटिएको प्रजिअ भुसालको भनाइ छ। यसअघि राष्ट्रिय परिचयपत्र प्राप्तिका लागि दर्ता प्रक्रिया पूरा गराउन मुस्ताङको जोमसोम पुगेर नामाङ्कन दर्ता गरेका नागरिकलाई गाउँपालिका केन्द्रमै राष्ट्रियपत्र पाउँदा निकैनै खुसी भएको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले उल्लेख गर्नुभयो। अध्यक्ष विष्टका अनुसार राष्ट्रियपत्र लिन जोमसोम आउजाउँ गर्दा नागरिकको कम्तीमा प्रति व्यक्ति छ हजार बढी रकम खर्च हुनेमा प्रशासनबाट खटिएको टोलीबाट शिविर सञ्चालन गरी परिचयपत्र वितरण गर्दा स्थानीय नागरिकले आर्थिक भार व्यवहोर्नु नपरेको अध्यक्ष विष्टले जनाउनुभयो।

जिल्ला प्रशासन कार्यालय मुस्ताङबाट खटिएको टोलीले स्थानीय नागरिकको सेवा र सुविधालाई ध्यानमा राखेर जिल्लामा पहिलो पटक राष्ट्रिय परिचयपत्र शिविर सञ्चालन गरेको हो। शिविर सञ्चालनबाट दिनै खर्चिएर सदरमुकाम जोमसोम धाउनुपर्ने झन्झट टरेको लोघेकर दामोदरकुण्ड-१ वडाध्यक्ष टै ढिन्डुक ठकुरीले बताउनुभयो।प्रशासनलेपालिकावासी र नागरिकको सेवा सुविधालाई केन्द्रमा राखेर सेवा प्रवाह गरेको वडाध्यक्ष गुरूङको भनाइ छ।

पछिल्लो समय सरकारले सामाजिक सुरक्षा भत्ता तथा बैंक खाता खोल्न र अन्य प्रशासनिक प्रयोजनका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गराएसँगै मुस्ताङमा स्थानीय नागरिकले राष्ट्रिय परिचयपत्र प्राप्त गर्न वितरण दर्ता गर्ने क्रम बढेको छ। नागरिकलाई पृथक नम्बरसहितको राष्ट्रिय परिचयपत्र वितरण कार्यलाई गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले स्थानीय तहसँगको सहकार्यमा अभियान सञ्चालन गर्दै आइरहेको छ।

# पहिलेको चरिचरन, अहिलेको पर्यटकीय गन्तव्य

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ बैशाख

एक दशकअघिसम्म हाँडिकोटको महत्त्व पशु चरिचरनका लैजाने स्थानीयले मात्र चिन्दथे। पशुचौयाया चराउने र घाँस दाउरा लिन पुग्ने हाँडिकोटमा अहिले पर्यटकीय गन्तव्य बन्दै गएको छ।

घना जङ्गलको बीचमा रहेको अग्लो पहाड हाँडिकोट टापु एकाएक चर्चामा आउन थालेपछि पदयात्रामा आउनेका लागि उपयुक्त गन्तव्य बन्न थालेको हो। समुद्री सतहदेखि दुई हजार एक सय ९५ मिटर उचाइमा रहेको हाँडिकोट जैमिनी क्षेत्रकै अग्लो पहाडमा अहिले गोठाला जान छोडे तर आन्तरिक पर्यटक पुग्न थालेका छन्। हाँडिकोट पुग्नका लागि डाँडाखानी र ब्याडथलाबाट दुवैतर्फबाट पदमार्ग निर्माण भएपछि पदयात्रामार्फत त्यहाँ पुग्ने पर्यटकहरू आकर्षित भएका हुन्। डाँडाखानीबाट झण्डै चार किमी पदमार्ग र ब्याडथलाबाट तीन किलोमिटर परम्परागत पदमार्ग निर्माणपछि त्यहाँ पुग्ने पर्यटकलाई सहज भएको छ। पूर्वाधार र प्रचारप्रसारका कारण ऐतिहासिक तथा पशुपालन किसानको चरिचरनस्थल हाँडिकोट टापु पुग्ने आन्तरिक पर्यटकहरू बढिरहेका छन्। बागलुङको गलकोट दुदिलाभाटीबाट तस्बिर कैद गर्नका लागि हाँडिकोट पुग्नुभएको राम खत्रीले यहाँबाट देखिने मनोरम दृश्यले लोभाएको बताउनुभयो।

डाँडाखानीबाट एक घण्टको पैदलयात्रामा हाँडिकोट पुग्नुभएको खत्री फर्कंदा ब्याडथलाको पदमार्ग प्रयोग गरेको बताउनुहुन्छ। उहाँले सूर्योदय हेर्न, गुराँसको वन हेर्न र दर्जनौं हिमाल हेर्नका लागि हाँडिकोट उपयुक्त गन्तव्य रहेको बताउनुभयो। यहाँबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रेसँगै दर्जनौं हिमशृङ्खला देख्न सकिन्छ। "फोटो भिडियो खिच्न रूची राखेर पैदलयात्रामार्फत पर्यटकीय स्थाल पुग्ने गरेको छु, हाँडिकोड पछिल्लो समय चर्चामा आएको गन्तव्य रहेछ, पदयात्रामा रूची राख्ने र प्रकृतिसँग रमाउनेका लागि हाँडिकोट उपयुक्त गन्तव्य लाग्यो, बिहानै आउने पर्यटकका लागि सूर्योदयले मनै लोभ्याउनछ, कोलाहलपूर्ण वातावरणबाट अलग्गै बस्नका लागि हाँडिकोट पृथक गन्तव्य रहेछ", खत्रीले भन्नुभयो, "यहाँबाट देखिने जैमिनीका अधिकांश गाउँ, हिमालहरूले मनै लोभ्यायो, पहिलाको पशु चरिचरन अहिले पर्यटकीयस्थल भएछ।" हाँडिकोट पुग्नका लागि पछिल्लो समय सडक मार्ग पुऱ्याइएको छ। जैमिनी नगरपालिकाले नगरको पर्यटकीय गन्तव्यमा जैमिनी धामपछि हाँडीकोट टापुलाई लिएर पूर्वाधार निर्माणमा तीव्रता दिएको जनाएको छ। धार्मिक तथा ऐतिहासिक महत्त्वको रूपमा रहेको हाँडिकोटका थुप्रै विशेषता रहेका छन्। जसमध्ये सूर्योदय र सूर्यास्त पर्यटकलाई लोभ्याउने माध्यम बनेको छ। बागलुङको जैमिनी नगरपालिकामा रहेको हाँडिकोट टापुबाट देखिने मनोरम दृश्यहरू आन्तरिक पर्यटकलाई साच्चिकै लोभ्याउने खालको छ। जैमिनी नगरपालिका-१० राङखानी, वडा नं ७ जैदी र वडा नं ८ छिस्तीको शिरमा रहेको हाँडिकोट टापु पछिल्लो बन्दोबस्तीका सामानसहित त्यही रात बिताउन जाने गरेका छन्।

पदमार्गको पहुँच विस्तारपछि र प्रचारप्रसारका कारण हाँडिकोटमा आन्तरिक पर्यटक आउन थालेको राङ्खानीका स्थानीय लालबहादुर पुनले बताउनुभयो। उहाँले बाख्राभैँसी चराउन जाने हाँडिकोटमा अहिले पर्यटक आउने गरेको बताउनुभयो। हाँडिकोटमा पुग्ने पदमार्ग, मन्दिर, सत्तल तथा भ्यू टावरलगायत संरचनामा करिब ७५ लाख खर्च भइसकेको जैमिनी नगरपालिकाले जनाएको छ। त्यहाँ भ्यू टावरले पूर्णता र खानेपानीको बन्दोबस्त हुन बाँकी रहेको छ। हाँडिकोट टापुबाट तल बाँदलले ढाकेका पहाडहरू देख्दा हाँडिकोटले त्यहाँ पुऱ्याउने पर्यटकहरूलाई लोभ्याउने गरेको छ। बाइसे चौबिसे राजाका पालामा रहेको दरबारका भग्नावशेषसमेत हाँडिकोटमा पाउन सकिन्छ। समथर भुभाग, राजदरबारका भग्नावशेष, मन्दिर, कुटी, पोखरी र शीला सुसज्जित हाँडिकोट पुगेर सूर्योदय हेर्ने र तस्बिर खिचाउन बागलुङ बजार, पर्वत, म्याग्दी र पोखराबाट पर्यटकहरू आउने गरेका छन्। हाँडिकोट पुग्नलाई सडक मार्ग, दुई तर्फबाट पदमार्ग, विश्रामस्थल, सत्तल, दृश्यावलोकन स्तम्भ, शिव मन्दिर, कुटी, मञ्च, खेल मैदान, टल्कने शिला संरक्षणलगायतका थुप्रै पर्यटकीय पूर्वाधार सतिह ७५ लाखभन्दा बढी लगानी भइसकेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो।

हाँडिकोटको प्रचारप्रसारका लागि हाँडिकोट महोत्सव गरिँदै आएको छ। हाँडिकोटमा २०७७ साल यता पूर्वाधार निर्माणले तीव्रता पाएको हो। हाँडिकोट बाइसे चौबिसे राज्यका पालामा भुरेटाकुरे राजा रजौटाहरूले राज्य गरेको स्थान हो। भुरेटाकुरे राजारजौटाले प्रयोग गरेका जाँतो, ओखललगायत सामग्री अहिले जीवित रहेका छन्। हाँडिकोट टापु पुग्नका लागि सदरमुकाम बागलुङ बजारदेखि तीन घण्टाको मोटर यात्रामा व्याडथला र डाँडाखानी पुग्न सकिन्छ भने त्यहाँबाट पैदलयात्रा र सडक यात्रा दुवैमार्फत टापुमा पुगिन्छ।